का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ पुस २०८०, मंगलबार

19 December 2023, Tuesday


मूल्य रु. ५/-

# मध्यान्ह


राष्ट्रिय दैनिक

ईपेपर हेर्नं

वर्ष २१, अंक ३१४ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

त्रिभुवन विश्वविद्यालयले त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सोमबार आयोजना गरेको ४९औं दीक्षान्त समारोहमा सहभागी विद्यार्थीहरु । त्रिविले १२ हजार बढी विद्यार्थी दीक्षित भएको जनाएको छ । एकैपटक सहभागी यो संख्यालाई विश्व कीर्तिमानका निम्ति अगाडि बढाइएको छ । **तस्वीर: प्रदीपराज वन्त, रासस**



# विद्याकै बाटोमा रामचन्द्र

एक सातादेखि संघीय संसदको महासचिवको नियुक्ति सिफारिस पत्र राष्ट्रपति कार्यालयमा अड्किएको छ । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी राजनीतिक रुपमा चलेको आरोप लगाउने रामचन्द्र पौडेल स्वयंले भने सत्तारुढ दलहरुको चाहनाअनुसार सभामुख र राष्ट्रिय सभाका अध्यक्षको सिफारिस होल्ड गरेर राखेका छन् ।



राष्ट्रपतिले संसदका महासचिवको नियुक्ति सिफारिस होल्ड गरेर राखे न्यायिक उपचार खोज्नुको विकल्प रहँदैन ।

**देवराज घिमिरे**, सभामुख

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २ पुस ।

संघीय संसदको महासचिवको नियुक्ति सिफारिस पत्र राष्ट्रपति कार्यालयमा अड्किएको छ । गत मसिंर २४ गते आफ्नो ८ महिना कार्यकाल बाँकी छँदै महासचिवबाट भरतराज गौतमले राष्ट्रपति समक्ष राजीनामा पेस गरे ।

भोलिपल्टै सभामुख देवराज घिमिरे र राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना र राष्ट्रपतिलाई हाल कार्यवाहक महासचिव तोकिएका प्रतिनिधि सभाका सचिव पद्मप्रसाद पाण्डेयलाई महासचिवमा नियुक्तिका लागि सिफारिस गरे । एक सतादेखि संघीय संसदको महासचिवको नियुक्ति सिफारिस पत्र राष्ट्रपति कार्यालयमा अड्किएको हो ।

सरोकारवालाहरुका अनुसार संसदका महासचिवको नियुक्तिको विवाद राजनीतिक दलहरुको चाहनाका कारण भइरहेको छ । संसदको महासचिवमा पार्टी निकटका व्यक्तिलाई ल्याउने प्रयासमा दलहरु छन् । यसका लागि एमाले र सभामुख देवराज घिमिरेले विधि र प्रक्रियाको प्रश्न उठाएका छन् भने सत्तारुढ दलहरु समन्वय र विश्वासको कुरा गरिरहेका छन् ।

एमालेबाट देवराज घिमिरे सभामुख भएपछि महान्यायाधिवक्ताको कार्यालयमा रहेका पाण्डेयलाई प्रतिनिधि सभाको सचिव बनाइएको थियो । संसद सेवामा प्रवेश भएका उनलाई प्रतिनिधि सभाको सचिवमा बहाल रहेकै बेला र महासचिव गौतमको राजीनामा स्वीकृत नभइ नियुक्तिका लागि सिफारिस गरिएपछि रीत नपुऱ्याइ सिफारिस गरेको भन्दै राष्ट्रपति कार्यालयले अध्ययनका लागि भनेर नियुक्ति सिफारिस होल्ड गरेको छ । राष्ट्रपति कार्यालयमा भएको होल्डलाई सत्ता दलहरुले समर्थन गरेका छन् ।

अर्थात, पूर्व राष्ट्रपति विद्यादेवी भण्डारी राजनीतिक रुपमा चलेको आरोप लगाउने रामचन्द्र पौडेल स्वयमले भने सत्तारुढ दलहरुको चाहना अनुसार सभामुख र राष्ट्रिय सभाका अध्यक्षको नियुक्ति सिफारिस होल्ड गरेर राखेका छन् ।

राष्ट्रपतिले संसदका महासचिवको नियुक्तिको सिफारिस अध्ययनका लागि भनेर कहिलेसम्म राख्छन् निश्चित छैन । सरोकारवालाले पनि राष्ट्रपति पौडेलले विधिका हिसाबले राष्ट्रपतिले होल्ड गर्न नमिल्ने भनेका छन ।

राजनीतिक कुरा एकातिर भएपनि विधिका हिसाबले राष्ट्रपतिले सिफारिस अड्काएर राख्न नमिल्ने बताउँछन् वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी । एउटा कर्मचारीको नियुक्तिको विषयलाई जति लामो समय रोकेर राख्यो त्यति राष्ट्रपति संस्था विवादमा आउने उनीहरुको तर्क छ ।

नियुक्ति सिफारिस होल्ड गरेकोमा सभामुख देवराज घिमिरे रुष्ट छन् । केही दिन अगाडि उनले पत्रकारहरुसित भनेका थिए, 'राष्ट्रपतिले संसदका महासचिवको नियुक्ति सिफारिस होल्ड गरेर राखे न्यायीक उपचार खोज्नुको विकल्प रहँदैन ।'

तर, सत्तारुढ दलका नेताहरु भने संसदको महासचिव नियुक्तिको विषयमा सभामुख र राष्ट्रिय सभा अध्यक्षको हतारो देखिनुले समस्या खडा गरेको तर्क गर्दछन् । कार्यकाल नसकीकन भरतराज गौतमको राजीनामा आउनु र महान्यायाधिवक्ताको कार्यालयमा काम गरेको मान्छेलाई संसद पृष्ठ २ मा

# विप्लवको बचाउमा समाजवादी मोर्चा

राज्यविरुद्ध कसुरको मुद्दामा गत मंसिर १८ गते विप्लव, प्रकाण्डसहितका नेताहरुविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ पुस ।



समाजवादी मोर्चा औपचारिक रुपमै कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द (विप्लव)को बचाउमा उत्रिएको छ । जिल्ला अदालत काठमाडौंले विप्लव र अर्का नेता खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड) लगायतलाई पक्राउ पुर्जी जारी गरेपछि समाजवादी मोर्चाका नेताहरु तत्काल विरोधमा प्रतिवादमा उत्रिएका थिए । गत मंसिर १८ गते विप्लव, प्रकाण्ड लगायतलाई पक्राउ पुर्जी जारी भएको थियो । राज्यविरूद्ध कसुरका मुद्दामा उनीहरूलाई अदालतले पक्राउ पुर्जी जारी गरेको थियो ।

सोमबार समाजवादी मोर्चाले औपचारिक र सांगठिक रुपमै विरोध जनाएको छ । समाजवादी मोर्चाको एक घटकको नेतृत्वलाई पक्राउ पुर्जी जारी भएपछि मोर्चाका संयोजक माधवकुमार नेपालले नेपाल कम्युनिष्ट पार्टीसँग गरिएका तीन बुँदे सम्झौता कार्यान्वयन गर्न सरकारसँग माग गरेका हुन् ।

> नेपाल कम्युनिष्ट पार्टीसँग सरकारले गरेको तीन बुँदे सम्झौतालाई पूर्णरुपमा कार्यान्वयन गरियोस् ।
>
> **माधवकुमार नेपाल**
> **संयोजक, समाजवादी मोर्चा**

संयोजक नेपालले सोमबार विज्ञप्ति जारी गरेर नेपाल कम्युनिष्ट पार्टीसँग सरकारले गरेको तीन बुँदे सम्झौतालाई पूर्ण रुपमा कार्यान्वयन गर्न माग गरेका हुन् । संयोजक नेपालले जारी गरेको विज्ञप्तिमा सम्झौता कार्यान्वयन गर्न सरकार र सम्बद्ध पक्षलाई आह्वान गरिएको छ ।

अदालतले जारी गरेको आदेशप्रति समाजवादी मोर्चा नेपालको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ । समाजवादी मोर्चामा नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र नेपाल कम्युनिष्ट पार्टी रहेका छन् । मोर्चाको प्रमुख घटक माओवादी केन्द्रका अध्यक्ष पृष्ठ २ मा

# 'मेलम्चीको पानी खोइ ?'

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २ पुस ।




रित्ता गाग्री, लोटा, बाल्टिन र जार ठटाउँदै एउटा ठूलो हुल सोमबार बिहान ११ बजेतिर कोटेश्वर चोकबाट बानेश्वरतर्फ अगाडि बढ्यो । तर, पहरीले बीचमै रोक्यो, तीनकुने पुल भन्दा अगाडि जान पाएन ।

काठमाडौं उपत्यकामा मेलम्चीको पानी खोज्दै हिँडेको हुल थियो यो । मनसुन सकिएको ३ महिना बितिसक्दा समेत काठमाडौंका धारामा मेलम्चीको पानी नखसेपछि उपत्यकावासी आन्दोलित भएका हुन ।

पानी अभावले काकाकुल भएका उपत्यकावासी मेलम्ची खानेपानी संघर्ष समितिमार्फत संगठित भएर सरकारी बेवास्ताको विरोध गरेका हुन । प्रदर्शनमा उत्रिएका उपभोक्ताले 'मेलम्चीको पानी खोइ ?', 'मेलम्ची पानी खानेपानीमाथिको चलखेल बन्द गर', मेलम्ची पानी छिटो खोल' लेखिएका पोष्टर र पम्पलेट बोकेका थिए ।

बानेश्वरस्थित संसद भवनअघि पुगेर आफ्ना माग सुनाउन पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# कामदारको सीप बिना शून्य लागत कार्यान्वयन हुँदैन : श्रम सचिव भण्डारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ पुस

नेपालबाट वर्षेनी वैदेशिक रोजगारी तथा अन्य प्रक्रियाबाट आप्रवासनमा जानेको संख्या बढेपनि उनीहरुलाई सम्बोधन गर्ने उपयुक्त नीति बन्न नसकेको सरोकारवालाहरुले बताएका छन् । 'आप्रवासीको योगदानको कदर र अधिकारको सम्मान' भन्ने मूल नाराका साथ शुरुवात भएको यस वर्षको अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसको सप्ताहव्यापी कार्यक्रमको अवसरमा श्रम आप्रवासन क्षेत्रमा क्रियाशील व्यक्तिहरुले उक्त धारणा राखेका हुन् । उनीहरुले सरकार, रोजगारदाता, म्यानपावर कम्पनीबीचको नीति, दृष्टिकोण र व्यवहारमा एकरुपता नभए वैदेशिक रोजगारमा जाने नेपाली कामदार लामो समयसम्म प्रताडनाको अवस्थामा रहने बताएका छन् ।




सप्ताहव्यापी कार्यक्रमका संयोजक श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवल प्रसाद भण्डारीले विश्वका १ सय ७८ देशमा नेपाली काम गरिरहेको अवस्थामा यो दिवस नेपालीका लागि चुनौती एवम् महत्वको विषय रहेको बताए ।

अन्तर्राष्ट्रिय आप्रवसी श्रमिक दिवस मूल समारोह समितिको संयोजनमा सोमबार बिहान आयोजित प्रभातफेरी तथा अपराह्न सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल (एनएनएसएम)ले आयोजना गरेको स्वच्छ भर्ना प्रक्रियासम्बन्धी कार्यक्रममा सचिव भण्डारीले विभिन्न कारणले उत्पत्तिको थलोबाट अन्यत्र जाने कामदारको अधिकारसहित रोजगारीको पक्षमा नेपाल उभिने उल्लेख गरे ।

उनले भने, 'आप्रवासी कामदारको हकको रक्षा कसैको सहयोग वा दयाको विषय नभइ उनीहरुको अधिकारका विषय हुन् । वैदेशिक रोजगारसम्बन्धी नेपाल सरकारका नीति निर्णय सकेसम्म कामदारमैत्री रहेका छन् ।'

सचिव भण्डारीले पछिल्लो जनगणनाले करिब २२ लाख नेपाली नेपालबाहिर कार्यरत रहेको जनाएको पृष्ठ २ मा

## मलेसियामा हत्या गरेर फरार साह एयरपोर्टबाटै पक्राउ

**काठमाडौं/रासस**– मलेसियामा साथीको हत्या गरेर फरार रहेका एक नेपाली युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा महोत्तरीको गौशालाका अनिलकुमार साह रहेको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले जानकारी दिए ।

उनले भने, 'साहले गएको मंसिर २५ गते पृष्ठ २ मा




# भूकम्प प्रभावित दुई जिल्लामा पत्रकार महासंघले स्थलगत टोली पठाउँदै

**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघले भूकम्प प्रभावित जिल्ला जाजरकोट र रुकुम पश्चिममा स्थलगत टोली पठाउने भएको छ। महासंघले वरिष्ठ उपाध्यक्ष रमेश विष्ट, महासचिव रोसन पुरी र कोषाध्यक्ष कलेन्द्र सेजुवाल रहेको टोली भूकम्प प्रभावित जिल्लामा पठाउने भएको हो। टोलीले भूकम्प प्रभावित जिल्लाका सञ्चारकर्मी र सञ्चारमाध्यमहरुको पछिल्लो अवस्थाका बारेमा स्थानीय सञ्चारकर्मीहरुसँग छलफल गर्नेछ।





जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गत कात्तिक १७ गते राति गएको भूकम्पले रुकुम, जाजरकोट र सल्यानका सञ्चारकर्मी र सञ्चारमाध्यम प्रभावित छन्। प्रारम्भिक जानकारीअनुसार जाजरकोट र रुकुमपश्चिमका ५६ जना पत्रकारको घर र १० वटा सञ्चारमाध्यमका कार्यालय भवनमा क्षति पुगेको महासंघले जनाएको छ।

टोलीले भूकम्प प्रभावित जनताको अवस्थाका बारेमा समेत स्थलगत अध्ययन गरी प्रतिवेदन सार्वजनिक गर्ने महासंघले बताएको छ। भूकम्प प्रभावित सञ्चारकर्मी र सञ्चारमाध्यमलाई महासंघले आर्थिक राहतसमेत वितरण गर्नेछ। टोली पुस ३ गते मंगलबार जाजरकोट प्रस्थान गर्नेछ।

# पाँच लाख घुससहित वडाध्यक्ष पक्राउ

**बारा/मस-**जितपुर सिमरा उपमहानगरपालिका-३ का वडाध्यक्ष तारा कार्कीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाको टोलीले पक्राउ गरेको छ। कार्की पाँच लाख घुससहित सोमबार पक्राउ परेका हुन्।



वडाध्यक्ष कार्कीलाई जितपुरस्थित जैसवाल होटलबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ। सडक बनाउने क्रममा उनले स्थानीय राजन उप्रेतीसँग घुसबापत पाँच लाख नगद रकम लिएको इलाका प्रहरी कार्यालय सिमराका प्रमुख प्रदीप क्षेत्रीले बताए। घटनाबारे अनुसन्धान भइरहेको अख्तियार स्रोतले जनाएको छ। पक्राउ परेका वडाअध्यक्ष कार्की नेकपा एमाले पार्टीबाट निर्वाचित भएका थिए।

## विद्याकै...

सेवामा ल्याएर महासचिव बनाउन लागेपछि समस्या भएको उनीहरुको तर्क छ।

संसद सचिवालयमा लामो समय काम गरेका कर्मचारीले महासचिव हुन नपाउने अवस्था बनेकाले पनि महासचिवको नियुक्ति सिफारिस विवादित बनेको उनीहरुको तर्क छ। सभामुखको सिफारिस राष्ट्रपतिले होल्ड गर्दा संसदको महासचिवको नियुक्ति प्रतिष्ठाको विषय बन्दै गएको छ।

संसद सचिवालयको प्रमुख प्रशासकीय व्यक्ति आफ्नो निकटको हुँदा आफू अनुकूलको काम गराउन सकिन्छ भन्ने ध्येयले महासचिव नियुक्तिको विषय विवादास्पद बन्न पुगेको सरोकारवालाहरुको बुझाइ रहेको छ।

## विप्लवको...

समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विप्लवविरुद्ध जारी भएको पक्राउ पुर्जी गलत भएको बताइसकेका छन्। सम्पादकहरूसँग भएको भेटमा प्रधानमन्त्रीले पक्राउ पुर्जीबारे छलफल भइरहेको बताएका थिए।

माइला लामा र विप्लवविरुद्ध दुई वटा मुद्दा राज्यविरुद्धको कसुरकै दर्ता छन्। उनीहरुलाई आफैं अदालतमा उपस्थित हुन भनिएको छ। हेमन्त प्रकाश ओलीसमेतलाई प्रतिवादी बनाएर २०७६ असोज ९ गते मुद्दा दायर भएको थियो। २०८० मंसिर १० गते अदालतले प्रतिवादीहरु विप्लवसहितका विरुद्ध पक्राउ पूर्जी जारी गर्ने आदेश गरेको थियो। सोही आदेशका आधारमा गत मंसिर १८ गते विप्लव, प्रकाण्ड लगायतलाई पक्राउ पुर्जी जारी भएको हो।

## मेलम्चीको...

चाहेका उपभोक्ताहरुलाई प्रहरीले तीनकुने पुलभन्दा अघि बढ्न दिएन। आफ्नो प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरेपछि 'पानी त मागेका छौं, हामीले अरु के मागेका छौं' भन्दै उपभोक्ताले आक्रोस पोखेका थिए।

संघर्ष समितिका संयोजक गोविन्दराज पन्तले मेलम्ची राष्ट्रिय गौरवको आयोजना भए पनि सरकारले त्यो पूरा नगरेका कारण आन्दोलनमा उत्रिनु परेको जानकारी दिए।

प्रदर्शनमा उत्रिएका उपभोक्ताले मनसुन समाप्त भएको ३ महिना बितिसक्दा समेत मेलम्चीको पानी नछाड्नुका पछाडि कुनै षड्यन्त्रको आशंका गरेका छन्।

हेडवर्क्समा कुनै प्राविधिक समस्या नभएको र आयोजना स्थलमा स्थानीय जनताको कुनै अवरोध नभएको अबस्थामा पानी ल्याउन ढिलाई हुनुमा उनीहरुले चलखेलको अभास पाएका छन्।

मनसुन सुरु हुनुअघि मेलम्चीको सुरुङ बन्द गरेर उपत्यकामा पानी वितरण रोकिएको थियो। मनसुन सकिएको लामो समय हुँदा पनि मेलम्चीको पानी अझै काठमाडौं ल्याइएको छैन।

पानी नआएकोबारे सरकारको आलोचना बढ्दै जाँदा १६ मंसिरमा खानेपानी तथा सरसफाइमन्त्री महेन्द्रराय यादव खानेपानी आयोजना अनुगमनका लागि मेलम्ची पुगेका थिए। त्यतिबेला मन्त्री यादवले एक महिनाभित्र पानी काठमाडौं आइपुग्ने बताएका थिए। तर, मन्त्री यादवले आश्वसन दिएजस्तो काठमाडौंमा पानी आउने कुनै छाँट देखिएको छैन।

राष्ट्रिय गौरबको आयोजनाका रुपमा अघि बढाइएको मेलम्ची आयोजना निर्माण सुरु भएको झन्डै २२ वर्षमा पानी काठमाडौंमा आइपुगेको थियो।

मेलम्ची खानेपानी आयोजना निर्माण सुरु भएको झन्डै २२ वर्षमा पानी काठमाडौंमा आइपुगेको थियो। २०७७ फागुन २२ मा मेलम्चीको पानी सुन्दरीजल आइपुगेको थियो।

२०७७ चैत १५ मा उपत्यकामा परीक्षणस्वरुप धारामा वितरण सुरु गरिएको थियो। यसको उद्घाटन भने चैत २० मा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले गरेकी थिइन्।

तर, विसं २०७८ असार पहिलो साता मेलम्चीमा आएको ठूलो बाढीबाट आयोजनामा ठूलो क्षति पुगेको थियो। त्यसयता सुख्खा मौसममा मात्रै पानी काठमाडौं छाड्ने गरिएको थियो।

उपत्यकामा दैनिक ४३ करोड लिटर पानीको माग छ। मेलम्ची आयोजनाबाट १७ करोड लिटर पानी वितरण प्रणालीमा थपिन्छ।

याङ्री र लार्के समेत मिसाएर दैनिक कुल ५१ करोड लिटर पानी काठमाडौंमा ल्याउन सकिने मेलम्ची आयोजनाको ठहर छ।

मेलम्ची आयोजनाका लागि पहिलो पटक अध्ययन भने विसं २०२९ मा भएको थियो।

## कामदारको...

उल्लेख गर्दै नेपाली विश्वका १७८ देशमा पुगेकोले पनि सरकारका लागि आप्रवासी कामदारको मुद्दा प्राथमिकतामा रहेको बताए।

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल (एनएनएसएम)ले आयोजना गरेको कार्यक्रममा वैदेशिक रोजगार विभागका निर्देशक कविराज उप्रेतीले वैदेशिक रोजगार ऐनका कतिपय प्रावधान समय सापेक्ष नरहेको र वैदेशिक रोजगारीमा जाने कामदारदेखि सरकार, रोजगारदाता र म्यानपावर कम्पनीले तोकिएको जिम्मेवारी पूरा नगर्दा वैदेशिक रोजगार अपेक्षितरुपमा सुरक्षित हुन नसकेको अनुभव सुनाए। उनले वैदेशिक रोजगार ऐनले एजेन्टको प्रावधान हटाएपनि व्यवहारमा तिनै अनधिकृत एजेन्ट बिचौलियाको रुपमा प्रभावकारी भूमिकामा देखा पर्दा वैदेशिक रोजगार समस्याले जेलिएको अवस्थामा देखिएको बताए।

उनले सबैले वैदेशिक रोजगारीमा जाने कामदारको हक अधिकारलाई केन्द्रमा राखेपनि व्यवहारमा त्यस्तो नदेखिएकोले कमजोरी हटाउन सबै पक्ष इमान्दार हुनुपर्नेमा जोड दिए।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगारको लागत शुल्क कसले व्यहोर्नुपर्ने ? भन्ने विषय नेपालको वैदेशिक रोजगारको मूल प्रश्न रहेको भन्दै सक्ने ठाउँमा शून्य लागत र नसक्ने ठाउँमा निश्चित सेवा शुल्क तोकेमात्रै न्यायोचित भर्ना प्रक्रिया कार्यान्वयनमा जाने बताए।

उनले भने, 'मलेसियामा १० प्रतिशत रोजगारदाताले इम्प्लाइ पे मोडल कार्यान्वयन गरेका छन्, खाडीका मुलुकमा यो विषय प्रवेश गर्न नै बाँकी छ। सरकारले रोजगार मुलुकमा छलफल चलाउनुपर्छ, कामदारको सीप विकास नगरी शून्य लागत कार्यान्वयन हुँदैन। त्यसैले केही समयका लागि सेवा शुल्क परिमार्जन हुनुपर्ने देखिन्छ। गैरसरकारी क्षेत्रबाट हुने एकपक्षीय गाली गलौजले लक्षित वर्गले प्रतिफल पाउँदैनन्, वैदेशिक रोजगारको लागतका विषयमा रोजगार मुलुकमा छलफलको आवश्यकता रहेको छ।'

कार्यक्रममा कार्यपत्र प्रस्तुत गरेका संघका प्रथम उपाध्यक्ष डिक बहादुर खत्री 'कुमार'ले आप्रवासी श्रमिकको सुरक्षा र हितका विषयमा वैदेशिक रोजगार व्यवसायी गम्भीर रहेको भन्दै सरकारी नीति नियममा पनि सोहीअनुसार परिमार्जन आवश्यक रहेको जिकिर गरे।

वैदेशिक रोजगारीमा जाने कामदारका अधिकार रक्षाको सुनिश्चितताका लागि इथिकल रिक्रुटमेन्ट अर्थात मर्यादित र स्वच्छ भर्ना प्रक्रियालाई कार्यान्वयन गरिरहेको उल्लेख गर्दै प्रथम उपाध्यक्ष खत्रीले मर्यादित र स्वच्छ भर्ना प्रक्रियाको दिगोपनाको सुनिश्चितताले मात्रै वैदेशिक रोजगारीमा जाने कामदारको अधिकारको रक्षा हुने जिकिर गरे।

उनले सुरक्षित वैदेशिक रोजगारका लागि कामदारको एक महिनाको तलब बराबर सेवा शुल्क लिन पाउने व्यवस्था गरी कार्यान्वयनका लागि कडा आचारसंहिता लागू गराउने, सबै गन्तव्य मुलुकहरुसँग श्रम सम्झौता गर्नुपर्ने, वैदेशिक रोजगार व्यवसायमा गैरव्यवसायीको संलग्नतामा निषेध गरिनुपर्ने, संख्या तोकेर बाध्यकार रुपमा कामदार पठाउनुपर्ने बाध्यताको अन्त्य हुनुपर्ने, मागपत्र प्रमाणीकरण अनलाइनमार्फत हुनुपर्ने, रोजगारदाताहरुलाई अनिवार्यरुपमा अनलाइन प्रणालीमा ल्याउनुपर्ने, श्रम गन्तव्य मुलुकहरुलाई नेपालीका लागि कोटा निर्धारण गर्न अनुरोध गर्नुपर्ने, सीप विकासका लागि अन्तर्राष्ट्रिय मान्यता प्राप्त शिक्षालयहरु खोलिनुपर्ने, व्यवसायीहरुलाई क्षमता अभिवृद्धिको लागि नियमित तालिम प्रदान गरी संघ र सरोकारवालाहरुले नियमित अनुगमन गर्न जरुरी रहेको उल्लेख गरे।

कार्यक्रममा वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेती, निलाम्बर बडाल, ट्रेड युनियन कांग्रेसका पूर्वअध्यक्ष लक्ष्मण बस्नेत, महिला अधिकारकर्मी सरु जोशी, जिफन्टका उपमहासचिव नरनाथ लुईटेललगायतले स्वच्छ एवम् मर्यादित भर्ना प्रक्रियाका विषयमा रहेका कमी कमजोरी सुधार गर्न व्यवसायी र सरकारको ध्यानाकर्षण गराए।

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल (एनएनएसएम) का अध्यक्ष चिरञ्जीवी बरालले आप्रवासी कामदारको अधिकार रक्षाको विषयमा सरोकारवालाहरु एकै ठाउँमा नआएसम्म समस्या समाधान नहुने भएकाले आप्रवासी श्रमिकका सुरक्षाका लागि निरन्तर काम गर्नुपर्नेमा जोड दिए।

आप्रवासीमाथि हुनसक्ने विभेदलाई ध्यानमा राखी संयुक्त राष्ट्रसंघले डिसेम्बर १८ का दिन आप्रवासी श्रमिक र तिनका परिवारको सदस्यहरुको अधिकार संरक्षणका लागि यो दिवस मनाउँदै आएको छ। अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस मूल समारोह समितिको संयोजनमा सोमबार बिहान आप्रवासी कामदारको सम्मान र अधिकार रक्षाका लागि आवाज उठाउँदै प्रभातफेरी र साँझ मृतक आप्रवासी कामदारको सम्झनामा राजधानीको भृकुटीमण्डपमा दीप प्रज्ज्वलन गरिएको थियो।

## मलेसियामा...

झापाका धनबहादुर प्रधानको हत्या गरेको र हत्यापछि भागेर नेपाल आएको, प्रधानको शव नेपाल ल्याइएपछि हत्या गरेको भन्ने उजुरी परेपछि निजलाई पक्राउ गरिएको हो।'

मुलुकी अपराध संहितामा रहेको बहुक्षेत्रीय अधिकारसम्बन्धी प्रावधानअनुसार पक्राउ परेका साहविरुद्ध नेपालमै कर्तव्य ज्यान मुद्दामा अनुसन्धान र अभियोजन हुने प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कडायतले जानकारी दिए।

गढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
औरावनी, सुनसरी
कोशी प्रदेश, नेपाल

शितलहरसम्बन्धी जनहितमा जारी सन्देश

❀ **प्रायः** प्रत्येक वर्ष तराई तथा भित्री मधेसका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ। त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ।

बच्ने उपायहरु

❀ गोडा माथि देखिनै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
❀ धुम्रपान तथा मद्यपानको सेवन नगरौ।
❀ कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
❀ बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
❀ आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
❀ तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं।
❀ स्वास्थ्य सम्बन्धी कुनै समस्या आई परेमा, ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।
❀ सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका वन्द गरेर सुत्नु हुँदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ।
❀ आगो वालेको ठाउँमा वच्चाहरुलाई एक्लै नछोडौं।
❀ छरछिमेकमा कोहि विरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खवर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।

OMAN मा रोजगारको अवसर | कम्पनी : DIAMOND OASIS PROJECTS
शहरः Oman,Nizwa

पूर्व स्वीकृत मितिः २०८०/०९/०२ चलानी नं.: ६०२११६७० LT. No.: 296663

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | OR | ने. रु. | | | | | | | |
| 1. | Waiter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ४८,३२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०८० पुस १० गते (26 December 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Aslesha International Pvt. Ltd.
श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9818330451,9815926684, 9808156040 | Email: aslesha.intl@gmail.com, aslesha.international@gmail.com

Government of Madhesh Province
Ministry of Physical Infrastructure Development
Directorate of Transport Infrastructure
Infrastructure Development Office
Siraha

Subject: About financial opening

Publication date: 19th Dec-2023

This is to notify to all the related bidders, who have submitted the technical and financial bids, the financial bid shall open on the dated 26th Dec 2023 at IDO, Siraha at 14:00 hrs, as per tender notice published by IDO, Siraha on the dated 23rd May-2023 at Himalay Times National Daily Newspaper for the below mentioned project. for those bidders, the following biddes have successful in technical evaluation.

| S.N. | Name of Project and Contract ID: | Name of bidder successful in technical evaluation |
|---|---|---|
| 1 | Construction of Shambhunath Gaighat Road IDOSIR-W-NCB-Sam-04-079-080. | Aashirbad Nirman sewa Pvt. Ltd. Triyuga-07, Udaypur |
| 2 | | MRITSANJIWONI/PANCHAKANYA JV, Lalitpur, Nepal |
| 3 | | Surya/Shreya J/V |
| 4 | | Om Sai Ram Construction Pvt. Ltd, satdobato-15, Lalitpur |
| 5 | | Elite Construction Company Pvt. Ltd., Sukhedhara-04, ktm |
| 6 | | Safal Builders Company Pvt. Ltd, ktm |

Senior Divisional Engineer
Infrastructure Development Office, Siraha

युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAJ AL MADINA BUILDING MAINTENANCE L.L.C शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०८/०७ चलानी नं.: ६०२१०५९४ L.T. No.: 295454 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Cleaner | 0 | 20 | स. काममा दक्ष | 1000 | ३६,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : ORION SECURITY SERVICES LLC. शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०८/१० चलानी नं.: ६०२१०५९२ L.T. No.: 295452 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Security Guard - SIRA | 200 | 50 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,२९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard (PSBD) | 100 | 50 | | 2000 | ७२,१६० | | | | | | | |

३. कम्पनी: KUWAIT FOOD CO AMERICANA MAIN OFFICE ONE PERSON COMPANY LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०३/२० चलानी नं.: ६०२०४३०८ L.T. No.: 288943 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Restaurant Worker | 47 | 38 | स. काममा दक्ष | 1200 | ४३,२९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: SOLV FACILITIES MANAGEMENT LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०८/१५ चलानी नं.: ६०२११६६६ L.T. No.: 295828 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Cleaner | 70 | 30 | स. काममा दक्ष | 800 | २८,८६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० पौष १० गते (26 December 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

AKP
Gov. Lic. No. 712/064/065
AIR KINGS PLACEMENT PVT. LTD.
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196

# त्रिविमा गुणात्मक सुधारको इच्छाशक्ति र संकल्प जरुरी छः प्रधानमन्त्री



**काठमाडौं/मस–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले एक्काइसौं शताब्दीको भूमण्डलीकृत विश्व बजारका चुनौती सम्बोधन गर्न त्रिभुवन विश्वविद्यालयमा गुणात्मक सुधारको इच्छाशक्ति र संकल्प जरुरी भएको बताएका छन् ।

त्रिभुवन विश्वविद्यालयको आज भएको ४९औं दीक्षान्त समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री एवं कुलपति दाहालले 'भूमण्डलीकृत विश्वको दवाब तत्कालका निम्ति हाम्रा लागि काबु बाहिर देखिएकाले विश्व बजारका निम्ति प्रतिस्पर्धी जनशक्ति उत्पादनमा हामी कहाँ चुक्यौं र विगतमा विश्वविद्यालयले आर्जन गरेको बलियो जनविश्वास र भरोसा किन कमजोर हुँदै गयो भन्ने प्रश्नमा समीक्षा आवश्यक भएको बताए ।

'विश्वविद्यालयमा क्रियाशील प्राज्ञहरूको भूमिका किन ओजपूर्ण हुन सकिरहेको छैन ? विश्वविद्यालयहरूमा शैक्षिक क्यालेण्डर लागू हुन नसक्नु, बेलाबेला पठनपाठनमा गत्यावरोध आइरहनुमा को दोषी छ ?', प्रधानमन्त्री दाहालको प्रश्न थियो । उनले एकातर्फ हामी विश्वविद्यालयमा राजनीतिक भागबण्डा हुनुहुँदैन, विश्वविद्यालयहरू स्वायत्त प्राज्ञिक निकायहरू हुनुपर्दछ भनिरहेका छौं, अर्कातर्फ हामी आफैं राजनीतिक भागबण्डा र दाउपेचका निम्ति दौडिरहेका हुन्छौं भन्दै शिक्षा व्यक्तिको जीवन, राष्ट्रको उन्नति र समग्र समाजको अग्रगतिका लागि हुनुपर्ने र सर्वसुलभरुपमा उच्च शिक्षा प्राप्त गर्ने अवसर सबैलाई प्राप्त हुनुपर्नेमा प्रधानमन्त्री दाहालले जोड दिए ।

संख्यात्मक वृद्धिबाट माथि उठेर गुणस्तरीय शिक्षा दिन विश्वविद्यालयको नेतृत्वलाई आग्रह गर्दै प्रधानमन्त्री दाहालले यसका लागि अभिभावकत्व र सहयोगका निम्ति नेपाल सरकार सधैं तत्पर रहेको स्मरण गराए ।

उनले दीक्षित हुने विद्यार्थीहरूले आर्जन गरेको शिक्षा, ज्ञान र सीप समाजका लागि अझ धेरै उपयोगी बन्ने विश्वास व्यक्त गर्दै आफूलाई सचेत र इमान्दार नागरिकका रूपमा स्थापित गर्दै आफ्नो राष्ट्रप्रतिको कर्तव्य जिम्मेवार रुपमा पूरा गर्ने सफलता दीक्षित विद्यार्थीलाई मिलोस् भनी शुभकामना पनि दिए ।

प्रधानमन्त्री दाहालले एक वर्षको अनवरत मेहनत र क्रियाशीलताको परिणाम आज अर्थतन्त्रका अधिकांश सूचकहरूमा सुधार हुँदै गए पनि अपेक्षाकृत परिणाम हासिल गर्न अझै मेहनत गर्नुपर्ने परिस्थिति रहेकाले सरकारको इमान्दार प्रयासमा बौद्धिक युवा जनसमुदायको रचनात्मक साथ, सहयोग र ऐक्यबद्धता रहने विश्वास पनि व्यक्त गरे ।

### त्रिभुवन विश्वविद्यालयबाट १२ हजार विद्यार्थी दीक्षित

त्रिभुवन विश्वविद्यालयको ४९औं दीक्षान्त समारोहमा सोमबार विभिन्न संकाय र तहमा उपाधिप्राप्त १२ हजार चार सय १५ विद्यार्थी दीक्षित भएका छन् ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थितिमा प्रधानमन्त्री एवं कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड' बाट विद्यार्थीहरु दीक्षित भएका हुन् ।

त्रिविको ६१औं ग्रेसलिष्टमा परेका ७४ हजार सात सय ४९ विद्यार्थीमध्ये यसपटक १२ हजार चार सय १५ जनाले दीक्षान्त समारोहमा सहभागिताका लागि आवेदन दिएका थिए । निवेदन दिएकामध्ये स्नातक तहतर्फ आठ हजार ९८ जना, स्नातकोत्तर तहतर्फ चार हजार एक सय चार, एमफिलतर्फ ४४ तथा विद्यावारिधितर्फ एक सय १२ विद्यार्थी दीक्षित भएका हुन् ।

विश्वविद्यालयका कार्यवाहक उपकुलपति प्रा. डा.शिवलाल भुसालले विसं २०७९ असार १ देखि २०८० जेठ मसान्तसम्म उत्तीर्ण गरेका विद्यार्थी दीक्षान्त समारोहमा सहभागी हुन पाउने व्यवस्था गरिएको जानकारी दिए ।

# काठमाडौं विश्वविद्यालय र नेपाल प्रहरी अस्पतालले सहकार्य गर्ने



**काठमाडौं/मस –** काठमाडौं विश्वविद्यालय र नेपाल प्रहरी अस्पतालबीच चिकित्साशास्त्र अध्ययनमा सहकार्य गर्ने समझदारी भएको छ । सोमबार विश्वविद्यालयको केन्द्रीय परिसर, धुलिखेलमा आयोजित एक कार्यक्रममा विश्वविद्यालयका उपकुलपति प्राडा भोला थापा तथा नेपाल प्रहरीका महानिरीक्षक बसन्त कुँवरले हस्ताक्षर गरेका छन् । समझदारीअनुसार दुवै पक्षले चिकित्सा तथा सम्बन्धित क्षेत्रमा शिक्षा, अनुसन्धान, तथा तालिम आयोजना गर्ने, विशेषज्ञ तथा प्राज्ञिक जनशक्ति आदान प्रदान गर्ने, शैक्षिक कार्यक्रम विकास गर्ने आदि कार्य गर्नेछन् । साथै समझदारी पाँच वर्षका लागि मान्य हुने जनाइएको छ । समझदारी हस्ताक्षर कार्यक्रममा बोल्दै विश्वविद्यालयका उपकुलपति प्राडा भोला थापाले काठमाडौं विश्वविद्यालय र नेपाल प्रहरीबीचको सहकार्यले नेपालको चिकित्साक्षेत्र सुदृढ बनाउनमा उल्लेखनीय सहयोग पुग्ने बताए । साथै, नेपाल प्रहरीका महानिरीक्षक बसन्त कुँवरले काठमाडौं विश्वविद्यालय र नेपाल प्रहरी अस्पतालबीचको सहकार्य गौरवको विषय भएको बताए ।


## चिशंखुगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सेर्ना, ओखलढुंगा**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मितिः २०८०/०९/०३**

चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालय, सेर्ना, ओखलढुंगाको मिति २०८०/०६/२४ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा e–GP system मा प्रकाशित विद्युतिय बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रीतपूर्वक E–bid submission मार्फत पेश हुन आएका बोलपत्रहरु मूल्याङ्कन हुँदा निम्न बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही रहेकोले उक्त बोलपत्रहरु स्वीकृतिका लागि छनोट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (प्रोभिजनल र मु.अ.कर बाहेक) |
|---|---|---|---|
| १. | (CRM/NCB/WORKS/01/080/81) Repair and maintenance of kuibhir-necha bihibare sadak. | British Construction Company, Kalanki, Kathmandu, Bagmati Province, Nepal. | ६४,९५,१६०.००/- |

**प्रमुख प्रशासकीय अधिकृत**



## साउदीमा रोजगार | कम्पनी : BAREZ JANOUB OPERATION & MAINTENANCE COMPANY
शहर : Buraidah

पूर्व स्वीकृत मितिः २०७९/१२/२३ | चलानी नं.: ६०१९९७३६ | L.T. No.: 284203 | पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labour | 100 | 0 | स. काममा दक्ष | 1000 | ३५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० पुस १० गते (26 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Fast Employment Service (P.) Ltd.**
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Gov. Lic No. 1399/074/075
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com



## यूएईको सुपरमार्केटमा रोजगारको अवसर

**१. कम्पनी : SPINNEYS ABU DHABI LLC** — शहर : ABU DHABI

पूर्व स्वीकृत मितिः २०८०/०४/०२ | चलानी नं.: ६०२०४८०८ | LT. No.: 289573 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 242 | 35 | स. काममा दक्ष | 2025 | ७३,०६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**२. कम्पनी : FINE FARE FOOD MARKET L.L.C** — शहर : DUBAI

पूर्व स्वीकृत मितिः २०८०/०४/०२ | चलानी नं.: ६०२०४८०९ | LT. No.: 289574 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 43 | 30 | सम्बन्धित काममा दक्ष | 2025 | ७३,०६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales Officer | 52 | 20 | | 2025 | ७३,०६२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस १० देखि १५ गते (26 to 31 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**न्यूनतम SLC Pass भई अंग्रेजी भाषा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ ।**
**उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको र शरिरमा ट्याटु नभएको हुनुपर्नेछ ।**
**CHEF, COOK, BARISTA, DELI/BAKERY, KITCHEN STAFF, COFFEE SHOP, FAST FOOD, RESTAURANT STAFF, WAITER, KITCHEN WORKER**
**सम्बन्धी काम जानेकालाई विशेष प्राथमिकता । फाराम आफ्नै हस्ताक्षरले भर्नुपर्नेछ र अन्यले भरे दर्ता गरिने छैन । कुनै पनि नक्कली प्रमाणपत्रहरू पेश गरिएका प्रमाणपत्रहरूबाट पर्न सक्ने कुनै पनि कानूनी कारवाहीको जिम्मेवारी निवेदक आफै हुनुपर्नेछ तथा अन्तरवार्तामा सक्कल राहदानी, शैक्षिक प्रमाण पत्र तथा सम्बन्धित कामको अनुभवको प्रमाण पत्र लिई उपस्थित हुनुपर्नेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ३४८/०५९/०६०
पो.ब.नं ५६४५, धुम्बाराही, काठमाडौं, नेपाल, फोनः 01 4544928 | 4544 330
Mobile: 9866298734 | 9761897444 | 9841338351



## Likhu Pike Rural Municipality
## Office Of The Rural Municipal Executive
**Chaulakharka, Solukhumbu**
**Koshi Province, Nepal**

### Invitation for Bids

**Date of publication: 19-12-2023 00:00**

1. Likhu Pike Rural Municipality, Solukhumbu invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Procurment of Likhu khola dekhi laam mane sadak staronnati oda number 3 dekhi 1 samma (Phase-2) under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 79,71,310.75 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Likhu Pike Rural Municipality Chaulakharka, Solukhumbu or may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder who chooses to submit their bid electronically may down load the bidding documents for esubmission from PPMO's Web Site www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Citizen Bank International ltd. Likhu Pikey Branch, Solukhumbu**
   Name of Office: **Likhu Pike Rural Municipality, Chaulakharka**
   Office Account no.: **0720100000001202**
   Account Name: **LIKHU PIKEY GA.PA. GA-1.1 ANTARIK RAJASHWA KHATA**
4. Pre-bid meeting shall be held at Likhu Pike Rural Municipality, Solukhumbu at 09-01-2024 11:00 hours
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov. np/egp on or before 21-01-2024 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 21-012024 13:00 at the office of Likhu Pike Rural Municipality, Solukhumbu . Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 250000.0, which shall be valid for 30 days beyond the validity period of the bid. The bidders who choose cash deposit for bid security, information to deposit the bid security in Bank:
   **Name of the Bank: Citizen Bank International ltd. Likhu Pikey Branch, Solukhumbu**
   Name of Office: **Likhu Pike Rural Municipality, Chaulakharka**
   Office Account no.: **0720100000004201**
   Account Name: **LIKHU PIKEY GA.PA. DHARAUTI**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

३ पुस २०८०, मंगलबार
19 December 2023, Tuesday

सम्पादकीय

# विश्वविद्यालय नै कीर्तिमानको दौडमा !

एकैपटक ठूलो संख्यामा विद्यार्थी दीक्षित गराएको विश्व कीर्तिमान राख्ने त्रिभुवन विश्वविद्यालयको सोमबारको समारोह आमचासोको विषय बनेको छ । गिनिज बुकमा नाम राख्ने रहरकै कारण त्रिविले दशरथ रंगशालामा सोमबार दीक्षान्त समारोह आयोजना गरिएको थियो । राष्ट्रपति रामचन्द्र पौडेल र त्रिविका पदेन कुलपति रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विद्यार्थीहरूलाई दीक्षित गराएका थिए । त्रिविका अनुसार, सोमबार १२ हजार ४१५ विद्यँर्थी दीक्षित भएका छन् । तर सोमबारको समारोहमा २६ हजार सहभागी बनेको दावी छ । स्नातक, स्नातकोत्तर, एमफिल र पीएचडी गरी ७२ हजार बढी विद्यार्थी उत्तीर्ण भएकोमा १२ हजारले दीक्षित हुन फारम भरेका थिए । तिनै विद्यार्थीलाई एकैसाथ रंगशालामा उतारेर त्रिविले विश्व कीर्तिमानको प्रक्रिया अगाडि बढाएको छ । यद्यपि जानकारहरूका अनुसार, दीक्षान्त समारोहमा कति विद्यार्थी सहभागी भए भन्ने अहिलेसम्म कीर्तिमान नै राखिएको छैन ।

तर विश्व किर्तीमानकै रहरसहित त्रिविले दीक्षान्त समारोह गर्नुको कारणबारे कसैले भन्न सक्ने अवस्था छैन । किनकि त्रिवि आफै कार्यबाहक उपकुलपतिको भरमा चलिरहेको छ । त्रिविको कार्यकारी नेतृत्व गर्ने उपकुलपति सरकारले नियुक्त गर्न सकेको छैन । उपकुलपति नभएपछि त्यसको नेतृत्व स्वयं कुलपति प्रचण्ड र सहकुलपति एवं शिक्षा मन्त्री अशोककुमार राईको काँधमा जाने भयो । त्यसो हुनाले त्रिविमा विद्यार्थीको कुनै कमी नरहेको पुष्टि गर्न विश्व कीर्तिमानको योजना बुनिरहेको अनुमान लगाउन सकिन्छ । यस्तो कीर्तिमानले विश्वविद्यालयलाई विद्यार्थीको कुनै कमी नरहेको पुष्टि गर्न सजिलो पर्ला । किनकि स्वदेशमा बस्ने युवा र देशकै विश्वविद्यालयप्रति रूचि नरहेको बुझाइ आमरूपमा विकास भइरहेको छ । केही तथ्यहरूले पुष्टि समेत हुन्छ ।

अझ त्रिविसहित देशका विश्वविद्यालय राजनीतिकरणको चपेटामा परेको गुनासो नयाँ होइन । अहिले उपकुलपति नियुक्तिमा ढिलाइ हुनुको कारण पनि राजनीतिक भागबण्डा नमिल्नु हो । हरेक दलले आफू अनुकुल उपकुलपति बनाउने चाहना राख्ने हुँदा कुरा मिल्न नसक्नु अस्वभाविक होइन । यसको असर विश्वविद्यालयको शैक्षिक गुणस्तरमा परिरहेको छ । कमजोर शैक्षिक गुणस्तर र निष्पक्ष प्रतिस्पर्धाको बातावरण नहुँदा विद्यार्थी बाहिरिने गरेको छ । विशेषगरी कमाउन पनि पाइने र शैक्षिक प्रमाणपत्र समेत पाइने भएकाले युवाहरूमा विदेशका विश्वविद्यालयमा आकर्षण बढिरहेको देखिन्छ । त्यसतर्फ सरकार र विश्वविद्यालय प्रशासनले सोच्न आवश्यक छ । तर त्यस बिपरीत भीड देखाएर विश्व कीर्तिमानको लफडातिर त्रिवि लागेको देखिन्छ । यो सही र उत्कृष्ट बन्ने बाटो होइन ।

# ‘अस्वस्थ राजनीतिको प्रभाव स्थानीय तहमा परेको छ’

*आज हुँदै नभएका विषयमा पनि स्थानीय सरकारविरूद्ध मुद्दाहरू परिरहेका छन् । अख्तियारमा मुद्दाका चाङ लगाइएका छन् । कुनै पनि काम गर्न नदिन मुद्दा हालिहाल्ने प्रवृत्ति विकास भएको छ । हामीलाई काम गर्नको निम्ति प्रोत्साहित होइन, हतोत्साहित पार्न खोजिएको अनुभूति हुन्छ ।*

कालीमाटी गाउँपालिकामा अध्यक्षको रूपमा दानबहादुर केसीको यो दोस्रो कार्यकाल हो । पहिलो कार्यकालमा थुप्रै नमूना काम गरेँ भन्ने केसीको दोस्रो कार्यकाल कसरी अगाडि बढ्दैछ ? उनले दोस्रो कार्यकालमा के-कस्ता समस्या भोगिरहेका छन् ? पालिकामा विकास तथा निर्माणका गतिविधि कसरी अगाडि बढेका छन् ? यीलगायत पालिकाको विविध विषयमा केन्द्रीत रहेर मध्यान्ह राष्ट्रिय दैनिकको तर्फबाट सपना बोहराले पालिका अध्यक्ष केसीसँग केही जिज्ञासा राखेकी छिन् । केसीसँग गरिएको संवादको सम्पादित अंश :

**पालिकाको नेतृत्वमा दोस्रो पटक निर्वाचित हुनुभयो । पहिलो र दोस्रो कार्यकाललाई हेर्दा, कत्तिको भिन्नता पाउनुहुन्छ ? काम गर्ने सवालमा कस्तो अनुभूति गर्नुभएको छ ?**

धेरै नै भिन्नता महसुस भएको छ । पहिलो कार्यकालमा काम गर्न केही सहज थियो । जनताको पनि निकै साथ र समर्थन देखिएको थियो । तर, दोस्रो कार्यकालमा केही कठिनाईहरू महसुस गरिरहेको छु ।

पहिलो कार्यकालमा जुन तहमा बजेट आयो र काम गर्ने अवसर मिल्यो, त्यो अवस्था अहिले छैन । त्यतिखेर बजेटको झण्डै ७० प्रतिशत खर्च पूर्वाधार विकासमा लगाएका थियौं । मेरो पहिलो कार्यकालमा १८ करोडजतिको पूर्वाधारको काम भएको थियो ।

तर, पछिल्लो समय केन्द्र र प्रदेशबाट प्राप्त हुने बजेटको सिलिङ्ग निकै घटेर आएको छ । कतिपय पूर्वाधार निर्माणको काममा नियमित बजेट प्राप्त नहुँदा काम नै रोकिने मात्रै होइन, आन्तरिकतर्फ पनि खर्च बढ्दै जाने अवस्था बनेको छ ।

आन्तरिक स्रोत कमजोर हुनु र केन्द्र तथा प्रदेशबाट पर्याप्त बजेट प्राप्त नहुँदा समस्या भएको देख्छु । दोस्रो कार्यकालमा हिँडिरहँदा बजेट अभावकै कारण काम गर्न नसक्ने अनि आम जनताले पनि पालिकाप्रति गलत धारणा बनाउने अवस्था बन्न गएको महसुस गरेको छ ।

अर्कोतर्फ, स्थानीय स्तरमा देखिएको अस्वस्थ राजनीतिले पनि काम गर्ने सवालमा थुप्रै अवरोध गरिरहेको छ । कहिले कर्मचारीको असहयोग त कहिले राजनीतिक संयन्त्रको असहयोग । जसको सिधा प्रभाव आम जनतामा परेको छ । आज पालिकालाई सफल बनाउने भन्दा असफल बनाउने अभियान चलेको देख्छु । यसलाई कसरी तोड्ने भन्ने असहज परिस्थिति यहाँ विकास भएको छ ।

**तपाईले झेलिरहेको समस्या के हो ?**

आज हुँदै नभएका विषयमा पनि स्थानीय सरकारविरुद्ध मुद्दाहरू परिरहेका छन् । अख्तियारमा मुद्दाका चाङ्ग लगाइएका छन् । कुनै पनि काम गर्न नदिन मुद्दा हालिहाल्ने प्रवृत्ति विकास भएको छ । हामीलाई काम गर्नको निम्ति प्रोत्साहित होइन, हतोत्साहित पार्न खोजिएको छ । यस्ता झमेलाबाट म निकै असहज महसुस गरिरहेको छु ।

**के असहयोगले नियमित गतिविधि र विकासे गतिविधिमा पनि प्रभाव परेको हो ?**

कसरी राज्य सत्तालाई अलमल्याउन सकिन्छ ? कसरी समस्यामा पार्न सकिन्छ भन्ने प्रवित्ति व्याप्त देखिएको छ । कुनै पनि विकास निर्माणका काम सुरु गर्ने वित्तिकै मुद्दा हालिहाल्ने, अप्ठ्यारोमा पार्ने, घेराबन्दी गर्ने नियतजन्य घेराबन्दी नतोडी अगाडि बढ्न असहज छ ।

पालिका सबै दल, सरोकारवाला अनि नागरिकसँग सहमतिमा, छलफल तथा परामर्श गरेर अगाडि बढ्न तयार छ । तर, पूर्वाग्रही सोंच राखेर असहयोग गर्ने प्रवृत्ति तोडिनुपर्‍यो । जसलाई नागरिक तहले पनि मूल्यांकन गर्न आवश्यक छ ।

पालिका संवाद



दानबहादुर केसी
अध्यक्ष, कालिमाटी गाउँपालिका, सल्यान

*एकातिर आन्तरिक स्रोत कमजोर हुनु र अर्कोतर्फ केन्द्र तथा प्रदेशबाट पर्याप्त बजेट प्राप्त नहुँदा कतिपय स्थानीय सरकारलाई सामान्य गतिविधि सञ्चालन गर्न पनि असहज छ । बजेट अभावकै कारण काम गर्न नसक्ने अनि आम जनताले पनि पालिकाप्रति गलत धारणा बनाउने अवस्था बन्न गएको महसुस गरेको छ । जसप्रति सबैको ध्यान जानुपर्ने देखिन्छ ।*

**घेराबन्दी पर्नु भनेको नेतृत्वको कमजोरी पनि त होला नि ?**

पालिकाको नेतृत्वको हिसाबले मैंले सबैसँग सहकार्य गरेरै जान खोजें । तर, त्यस्तो नभई राजनीतिक तहले घेराबन्दीमा मात्रै पार्ने नियतबाट काम गर्न खोजेको देखियो । एकातिर विकास तथा निर्माणका गतिविधि गर्न केन्द्र तथा प्रदेशबाट सहयोग नपाउनु र अर्कोतर्फ स्थानीय तहमा राजनीतिकरूपमा पूर्वाग्रह राखेर घेराबन्दी गरिनु निकै अप्ठ्यारो विषय हो । पालिकाको नेतृत्वको रूपमा मैंले यसलाई नजिकबाट भोगिरहेको छु ।

**मूलतः नेतृत्वको कामलाई नै हेरेर समीक्षा गर्ने गरिन्छ । पहिलो कार्यकाललाई कसरी सम्झनुहुन्छ ?**

पहिलो कार्यकालमा धेरै उल्लेखनीय कामहरू भएका छन् । यस अर्थमा पनि आफूलाई भाग्यमानी ठान्छु । यहाँ २०७४ सालसम्म पनि बत्ति, खानेपानी, सडक, स्वास्थ्य, सिचाई, विद्यालयमा भवनहरू राम्रो थिएन । पालिकाको आफ्नै व्यवस्थित भवन थिएन । नेतृत्वमा आइसकेपछि पहिलो काम सडक निर्माण गर्‍यौं । गाउँपालिकादेखि वडा केन्द्रसम्म जोड्ने गौरवका योजना बनायौं । ति योजना पूरा भए ।

